खिजीदेम्वा गाउँपालिका

खिजीफलाटे,ओखलढुङ्गा

बैठक संख्या ४६

मितिः २०८३/०२/१५ गते शुक्रबार

खिजीदेम्वा गाउँपालिका अध्यक्ष श्री गम्बु शेर्पाज्यूको अध्यक्षता र देहायका कार्यपालिकाका सदस्यहरुको समुपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी पेश भएका प्रस्तावहरु उपर छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थितिः

| क्र.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री गम्बु शेर्पा | अध्यक्ष | |
| २ | श्री शुसिला तामाङ | उपाध्यक्ष | |
| ३ | श्री कुमार सुनुवार | १ नं. वडाध्यक्ष | |
| ४ | श्री सुरेन्द्र शंकर घिमिरे | २ नं. वडाध्यक्ष | |
| ५ | श्री टंकराज सुनुवार | ३ नं. वडाध्यक्ष | |
| ६ | श्री होम वहादुर सुनुवार | ४ नं. वडाध्यक्ष | |
| ७ | श्री राम कुमार सुनुवार | ५ नं. वडाध्यक्ष | |
| ८ | श्री पासाङ निमा शेर्पा | ६ नं. वडाध्यक्ष | |
| ९ | श्री डिल्ली राम बस्नेत | ७ नं. वडाध्यक्ष | |
| १० | श्री नगेन्द्र बहादुर बस्नेत | ८ नं. वडाध्यक्ष | |
| ११ | श्री ङवाङ फुरी शेर्पा | ९ नं. वडाध्यक्ष | |
| १२ | श्री दोर्ची शेर्पा | कार्यपालिका सदस्य | |
| १३ | श्री कविता देवी सुनुवार | कार्यपालिका सदस्य | |

| | | | |
|---|---|---|---|
| १४ | श्री दुर्गादेवी सुनुवार | कार्यपालिका सदस्य | |
| १५ | श्री रामकुमारी बस्नेत | कार्यपालिका सदस्य | |
| १६ | श्री पसि शेर्पा | कार्यपालिका सदस्य | |
| १७ | श्री आङ ल्वामु शेर्पा | कार्यपालिका सदस्य | |
| १८ | नविना गिरी | प्रमुख प्रशासकीय अधिकृत | |
| १९ | श्री दिपक घिमिरे | लेखाअधिकृत | |

प्रस्तावहरु:

१. ठेक्काको म्याद थप तथा LD सम्बन्धमा।

२. वैकल्पिक उम्मेद्वार सिफारिस तथा नियुक्ती सम्बन्धमा।

३. ICT अनुदान सम्बन्धमा।

४. सरुवा सहमती सम्बन्धमा।

५. देम्बा गल्फको सद्भावना दुत नियुक्ती सम्बन्धमा।

६. करार सेवाको विभिन्न रिक्त पदमा विज्ञापन गरी नियुक्ती गर्ने सम्बन्धमा।

७. विविध सम्बन्धमा।

नविना गिरी
प्रशासकीय अधिकृत

अध्यक्ष

निर्णय नं. १

(क) प्रस्ताव नं. १ माथि छलफल गर्दा यस खिजीदेम्वा गाउँपालिका र नगेश कालिका कन्स्ट्रक्सन एण्ड सप्लायर्सबिच मिति २०८२।०७।२१ को सम्झौता अनुसार ठेक्का नं. KDRM/OKH/NCB/WORKS/02/2082/083, CONSTRUCTION OF INFRASTRUCTURE FOR RURAL MUNICIPALITY BUILDING COMPOUND को कार्यसम्पन्न मिति २०८२।११।२९ मा भएको तर विविध कारण देखाई निर्माण कम्पनिले मिति २०८२।११।०६ मा म्याद थपका लागि निवेदन पेश गरेको तथा प्राविधिकको राय बमोजिम गाउँकार्यपालिकाको निर्णयानुसार मिति २०८३।०१।३० सम्म म्याद थप गरिएको तर सो अवधिसम्म पनि निर्माण कार्य सम्पन्न नगरी ढिलासुस्ति गरेको तथा म्याद थपका लागि पनि कुनै प्रक्रिया अवलम्बन नगरेको हुँदा निज कम्पनिलाई मिति २०८३।०१।३१ देखी लागु हुनेगरी २०८३।०२।३० सम्मका लागि सार्वजनिक खरिद नियमावालीको नियम १२१ को (क) बमोजिम दैनिक ०.०५ प्रतिशतको दरले पुर्वनिर्धारित क्षतिपुर्ति (LIQUIDATED DAMAGES – LD) लगाउने उपाध्यक्षस्तरीय निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो।

(ख) प्रस्ताव नं. १ माथि छलफल गर्दा यस खिजीदेम्वा गाउँपालिका र वासु कन्स्ट्रक्सन एण्ड सप्लायर्स फर्मबिच मिति २०८२।०९।०१ को सम्झौता अनुसार ठेक्का नं. KDRM/OKH/NCB/WORKS/05/2082/083, CONSTRUCTION OF KILKHORDING GUMBA BUDDHIST STUDY HOSTEL को कार्यसम्पन्न मिति २०८३।०२।३१ मा भएको तर विविध कारण देखाई निर्माण कम्पनिले मिति २०८३।०२।०८ मा म्याद थपका लागि निवेदन पेश गरेको हुँदा मिति २०८३।०४।३१ सम्म म्याद थप गर्ने निर्णय गरियो।

(ग) प्रस्ताव नं. १ माथि छलफल गर्दा यस खिजीदेम्वा गाउँपालिका र चन्द्रसिद्ध कन्स्ट्रक्सन बिच मिति २०८२।०९।३० को सम्झौता अनुसार ठेक्का नं. KDRM/OKH/NCB/WORKS/07/2082/083, CONSTRUCTION OF COLD STORE BUILDING को कार्यसम्न्न मिति २०८३।०२।३१ सम्म मात्रै भएको र निज निर्माण व्यवसायीलाई निर्माण कार्य द्रुत गतिमा सञ्चालन गर्न पटक पटक लिखित पत्राचार तथा मौखिक निर्देशन भएपनि निर्माण कार्य तोकिएको समयमा गर्न नसकेको। उक्त निर्माण कम्पनिले मिति २०८३।०२।०३ मा विविध कारण देखाई म्याद थपका लागि निवेदन पेश गरेको हुँदा निज निर्माण कम्पनिलाई मिति २०८३।०३।१५ सम्म म्याद थप गर्ने निर्णय गरियो।

... गिरी
... अधिकृत

... थापा
अध्यक्ष

घ. प्रस्ताव नं. १ माथि छलफल गर्दा यस खिजीदेम्वा गाउँपालिका र सिमाना निर्माण सेवा कम्पनिबिच मिति २०८२/०९/२० को सम्झौता अनुसार ठेक्का नं **KDRM/OKH/NCB/WORKS/06/2082/083, Upgrading of kachapu Bhusinga kaptikhola road** को कार्यसम्पन्न मिति २०८३ वैशाख मसान्तसम्म मात्रै रहेको र निजले विविध कारण देखाई म्याद थपका लागि निवेदन पेश गरेको हुँदा प्राविधिकको रायबमोजिम २०८३ ज्येष्ठ मसान्तसम्म म्याद थप गर्ने भन्ने अध्यक्षस्तरीय निर्णय अनुमोदन गर्ने निर्णय गरियो।

निर्णय नं. २

क. यस खिजीदेम्वा गाउँपालिकामा करार सेवामा कार्यरत सवारी चालक पासाङ शेर्पाको मिति २०८३।०२।०१ देखि लागु हुनेगरेर निजको स्वेच्छिक राजिनामा स्वीकृत भईसकेको हुँदा निजको ठाउँमा यस कार्यालयको मिति २०८२।०८।२९ गतेको दमकल चालक पदमा सिफारिस उम्मेद्वार वाङ्डा शेर्पालाई पदस्थापन गरी उक्त विज्ञापन नं. ०४।०८२।०८३ मा वैकल्पिक उम्मेद्वार रहेका आरेन तामाङलाई दमकल चालक पदमा नियुक्ती गर्ने अध्यक्षस्तरीय निर्णय अनुमोदन गर्ने निर्णय गरियो।

निर्णय नं. ३

क. सङ्घीय सरकारबाट आ.व. २०८२।०८३ मा विद्यालयमा भर्चुअल शिक्षण, इलर्निङ, पुस्तकालय र विज्ञान प्रयोगशालाका लागि सामग्री तथा उपकरण व्यवस्थापन र सञ्चालन शिर्षकमा वित्तीय हस्तान्तरण भएको रु. १०,००,०००।— (रु. दश लाख) वितरणको मिति २०८२।१२।२२ मा शिक्षा शाखाबाट प्रस्तावना आह्वान भएकोमा २ वटा मा.वि. श्री कुण्डली मा.वि. र श्री नर्मदेश्वर मा.वि. को मात्रै प्रस्तावना पेश भएको हुँदा उक्त विद्यालय मध्येमा श्री कुण्डली मा.वि. लाई अनुदान प्रदान गर्ने निर्णय गरियो।

निर्णय नं. ४

क. खिजीदेम्वा गाउँपालिका वडा नं. ७ मा वडा सचिव (सहायक चौथो) पदमा कार्यरत श्री भविश्वर न्यौपानेले स्वास्थ्य सम्बन्धी कारण देखाई सरुवा सहमति माग गरेको हुँदा निजलाई कोशी प्रदेशको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा २४ को उपदफा २ ले व्यवस्था गरेको प्रावधान बमोजिम् अन्तरस्थानीय तह सरुवा सहमति प्रदान गर्ने निर्णय गरियो।

निर्णय नं. ५

क. पर्यटन प्रवर्द्धन गर्ने उदेश्यले खिजीदेम्वा गाउँपालिकामा अवस्थित विश्वको तेस्रो उच्च स्थानमा रहेको देम्बा गल्फ कोर्सको सद्भावना दुत (BRAND AMBASSDOR) मा विश्वप्रसिद्द महिला गल्फ खेलाडी प्रतिमा शेर्पालाई नियुक्ती दिने निर्णय गरियो।

नविना गिरी
प्रमुख प्रशासकीय अधिकृत

मन्जु शेर्पा
अध्यक्ष

निर्णय नं. ६

क. खिजीदेम्वा गाउँपालिकास्थित तपसिलमा उल्लेखित पदमा करार सेवामा कार्यरत कर्मचारीहरु रिक्त भएको हुँदा विज्ञापन गरी नियुक्ती तथा पदस्थापन गर्ने निर्णय गरियो।
तपसिलः

| क्र.सं. | पद | तह | रिक्त स्थान | संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १. | कार्यालय सहयोगी | श्रेणीविहिन | ९ नं. वडा कार्यालय | १ | |
| २. | अ.हे.व. | सहायक चौथो | सामुदायिक स्वास्थ्य इकाई ८ नं. वडा | १ | |
| ३. | वैद्य | सहायक चौथो | नागरिक आरोग्य सेवा केन्द्र, खिजीफलाटे | १ | |

निर्णय नं. ७

क. खिजीदेम्वा गाउँपालिकाको आ.व. २०८२।०८३ मा सेवा र परामर्श खर्च (खर्च शिर्षक नं. २२४११) शिर्षकमा रु. ५ लाख विनियोजित बजेटबाट रिट निवेदक रेख बहादुर बस्नेत र प्रत्यर्थी खिजीदेम्वा गाउँपालिका भएको मुद्दा नं. ०८२-WO-0006 को परमादेश/प्रतिषेधको मुद्दामा श्री उच्च अदालत विराटनगर अस्थायी इजलास ओखलढुङ्गामा खिजीदेम्वा गाउँपालिकाको तर्फबाट बहस पैरवी गर्ने र मुद्दा समाप्त हुँदासम्मको अवधिको सेवा सुविधा रु.३५,०००।— (रु. पैंतिस हजार) कानून व्यवसायी अधिवक्ता हर्क बहादुर राईलाई र खिजीदेम्वा गाउँपालिकाको तर्फबाट वारेस भई लिखित जवाफ दर्ता गर्ने तथा मुद्दाको पुर्पक्ष गर्ने कार्य गरेबापतको सेवा सुविधा रु. १०,०००।— (रु दश हजार) लेखापढी व्यवसायी किशोरदोशी घिसिङलाई भुक्तानी दिने निर्णय गरियो।

ख. खिजीदेम्वा गाउँपालिका वडा नं. ५ निवासी देवनारायण श्रेष्ठको बाख्राको गोठमा मिति २०८३।०२।१० गते राति आगलागी भई पुर्ण रुपमा गोठ जलेर नष्ट भएको र खोरभित्रका सबै बाख्रा मरेर क्षती भएकोले निजलाई रु.२५००० ।— (रु.पच्चीस हजार) आर्थिक सहयोग प्रदान गर्ने निर्णय गरियो।

ग. आधारभुत अस्पताल सञ्चालन तथा व्यवस्थापनका लागि स्वास्थ्य मन्त्रालयबाट रु.२४,६९,०००।— (रु. चौविस लाख उनान्सत्तरी हजार ) बजेट विनियोजन भएकोमा आधारभुत अस्पतालको फोहोरमैला व्यवस्थापनका लागि ढल, टयाङकी तथा प्लम्बिङ निर्माण, सशुल्क र निशुल्क फार्मेसी सञ्चालनका लागि आवश्यक फर्निचर व्यवस्थापन, वाइरिङ व्यवस्थापन गर्ने निर्णय गरियो। साथै आधारभुत अस्पतालका लागि अत्यावश्यक

नविना गिरी
प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष

मेशिनरी उपकरण सार्वजनिक खरिद नियमावली, २०६४ को परिच्छेद-५ को नियम ३१ ख को उपनियम १ बमोजिम क्याटलग सपिङ्ग विधिबाट खरिद गर्ने निर्णय गरियो।

घ. गाउँपालिका राष्ट्रिय महासंघ नेपालको मिति २०८२।१२।१० को पत्रानुसार आर्थिक वर्ष २०८२।०८३ को सदस्यता शुल्क रु.३००००।— (रु. तिस हजार) विविध शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो।

ङ. खिजीदेम्वा गाउँपालिका र सोवर्स एक्सन संस्थाबिचको सहकार्यमा खिजीदेम्वा गाउँपालिकाभित्रका सामुदायिक विद्यालयबाट SEE परिक्षामा उत्कृष्ट नतिजा ल्याउन सफल १० जना आर्थिक रुपले विपन्न विद्यार्थीलाई काठमाडौं स्थित विभिन्न कलेजमा प्लस टु वा सो सरहको विषयमा अध्ययन गर्नका लागि लाग्ने शुल्क यस गाउँपालिकाको तर्फबाट व्यहोर्ने र अन्य बसोबास, खाना, खाजा खर्च सोवर्स एक्सन नेपाल संस्थाले गर्नेगरी अभिभावक, संस्था र गाउँपालिकाबिच त्रिपक्षीय सम्झौता गर्ने निर्णय गरियो।

च. श्री सडक बोर्ड नेपाल, मिनभवन, काठमाडौंद्वारा चालु आ.व. २०८२।०८३ मा कार्यान्वयन हुने गरी ब.उ.शि.नं. ३३७३१०११३ अन्तर्गत विनियोजित बजेट तथा कार्यक्रम "स्थानीय सडक मर्मत सम्भार" बजेट रकम रु. २०,००,०००।— (रु. बिस लाख) कार्यान्वयनका लागि यस खिजीदेम्वा गाउँपालिका, ओखलढुङ्गाबाट सडक बोर्ड नियमावली, २०६० को परिच्छेद ३ नियम ९ तथा उल्लेखित मार्गदर्शन बमोजिम व्यहोर्नुपर्ने समपुरक कोष बापतको रकम रु. ५०००००।— (रु. पाँच लाख) समेत समावेश गरी उक्त बजेट तथा कार्यक्रम स्वीकृत गरी "कोप्चे, वन्से, यलुङ हुँदै ओखलढुङ्गा जाने मुख्य सडक मर्मत" शिर्षकमा कार्यान्वयन गर्ने निर्णयानुसार ठेक्का सम्झौता भई कार्य भईरहेको र उक्त ठेक्का रकमबाट बाँकी रहेको रकम रु. १०,४२,०००।— (रु. दश लाख बयालिस हजार) बाट उपभोक्ता समितिमार्फत पुनः सोही सडक निर्माण कार्य अगाडी बढाउने निर्णय गरियो।

छ. खिजीदेम्वा गाउँपालिका र देम्बा ब्रदर्श कन्स्ट्रक्सन प्रा.लि. बिच ठेक्का नं. KDRM/OKH/NCB/WORKS/04/2082/083 को SALME SIRWANI HUNDAI WARD NO: 6 JODNE SADAK निर्माण कार्यको लागि ठेक्का सम्झौता भएको। यो सडकको निर्माण कार्य प्राविधिक लागत अनुमान अनुसार साल्मे देखि शुरु गर्नुपर्नेमा निर्माण व्यवसायी र ६ नं. वडाध्यक्ष तथा जनप्रतिनिधिको समन्वयमा ६ नं. वडा कार्यालयदेखि सडक निर्माण कार्य प्रारम्भ गर्ने सहमती भएको हुँदा उक्त कार्य छ नं. वडा कार्यालयदेखी शुरु गर्ने निर्णय गरियो। ठेक्का सम्झौता गर्दाको प्राविधिक इष्टिमेटमा सडकको लम्बाई २६६० मिटर, चौडाई ५.३ मिटर, सरदर उचाई १.९ मिटर रहेकोमा निर्माण कार्यस्थलको स्थलगत अवलोकन गर्दा सडकको लम्बाई सरदर १६०० मिटर, चौडाई ५.३ मिटर तथा उचाई ४.९ मिटर कायम गर्नुपर्ने देखिएको हुँदा उक्त निर्माण कार्यको तपसिल बमोजिमको VARIATION ORDER जारी गर्ने र कार्य अगाडी बढाउने निर्णय सर्वसम्मतिले पारित गरियो।